धनगढी उप – महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली

पत्र संख्या: ०७७।०७८

चलानी नं ६४५

मिति :२०७७/०६/०२

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु
धनगढी उ.म.न.पा. कैलाली

**बिषय : निर्णय कार्यान्वयन गर्ने गराउने सम्बन्धमा।**

प्रस्तुत सम्बन्धमा विद्यार्थी सिकाई सहजीकरण निर्देशिका २०७७ कार्यान्वयन सम्वन्धमा नगर शिक्षा समितिको मिति २०७७।०६।०१ गते बसेको बैठकको निर्णय यसै साथ संलग्न राखी उक्त निर्णय कार्यान्वयन गर्न गराउन हुन जानकारीका लागी अनुरोध

……………………

जगन्नात पन्त

प्रमुख प्रशासकिय अधिकृत

**प्रमुख प्रशासकीय अधिकृत**

वोघार्थ

श्री सुचना तथा प्रविधि शाखा Website मा Upload गरिदिनु हुन ।

निर्णयहरु

१. यस उप-महानगरपालिकाको क्षेत्र भित्र संचालनमा रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुलाई विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका २०७७ वमोजिम विद्यार्थीको पहिचान , अभिलेखिकरण तथा वर्गिकरण गर्ने सम्वन्धमा शिक्षा क्षेत्र संग सम्वद्ध सरोकारवालाहरुको मिति २०७७/०५/३१ गतेका दिन यस उप-महानगरपालिकामा बसेको बैठकको निर्णयानुसार यस कार्यालयको प.स ०७७/०७८ च.नं ७३४ मिति २०७७/०६/०१ को पत्र वाट पत्राचार भएको छ , विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका २०७७ मा भएको प्रावधान वमोजिम सिकाइ वर्गिकरण (भर्ना) गर्दा अभिभावकहरुले आ-आफ्नो वालवालिकालाई अनलाइन माध्यम वा टेलिभिजन माध्यम वा ऐफएम रेडियो माध्यम वा सामजिक भौतिक दुरी र स्वास्थ्य सम्वन्धि सतर्कता अपनाइ विद्यालयमा उपस्थित भइ प्रत्यक्ष कक्षा संचालनमा सहभागि गराउने हो ? विकल्प प्रदानगरी मन्जुरी गराइ मिति २०७७/०६/१५ गते भित्र वर्गिकरण (भर्ना) गर्ने र सो अनुसार सिकाई ( अध्ययन अध्यापन ) मिति २०७७/०६/१६ देखि सुचारु गर्ने , संस्थागत विद्यालयहरुले सैक्षिक सत्र २०७६ कै अनुसार मात्र शिक्षण शुल्क लिन पाउने र यस वर्षको लागि अन्यथा व्यवस्था नभए सम्म शैक्षिक सत्र २०७७ साल आश्विन देखि २०७७ साल चैत्र महिना सम्म कायम हुने गरी शैक्षिक कार्यक्रम संचालन गर्न जानकारी गराउने निर्णया गरियो ।

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल